वराहपोखरी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बाघखोर भञ्ज्याङ
१ नं. प्रदेश नेपाल

# प्रेस विज्ञप्ति

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीको प.सं.२/संघीय/६६६/०७५/०७६ च.नं.२०७४ मिति २०७५/१०/१० गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । सो सम्बन्धमा यस गाउँपालिकामा गत विगत वर्षमा पनि कर्मचारी र जनप्रतिनिधिहरूलाई नियमित कार्य सञ्चालन गर्न बाधा विरोध गर्ने गरेका, कर्मचारीलाई काम गर्न असहज बातावरण बनाई मनोबल गिराउने गरेका, कपोलकल्पित, मनगढन्ते, आधारहीन कुराहरू सङ्कलन गरी झुटा आरोप लगाई विभिन्न निकायमा उजुरी दर्ता गराउने गरेका, यस वराहपोखरी गाउँपालिकालाई पटकपटक राजनीतिक विषय बनाउने गरेका सोही अनुरूप यस आ.व.मा पनि गाउँकार्यपालिका र गाउँ सभाले गरेका निर्णयका आधारमा जनप्रतिनिधिहरूको आदेशानुसार सार्वजनिक खरिद ऐन नियमावलीको परिधिभित्र रहेर कार्यालयमा नियमित गर्नु पर्ने काम कार्यहरू सञ्चालन भइरहेको अवस्थामा कामकार्यहरूप्रति लाञ्छना लगाउने, खर्च नभएको शीर्षकमा खर्च भयो भनेर लाञ्छना लगाउनुका साथै नियमित कार्यसञ्चालनमा बाधा विरोध पुऱ्याउने कार्य भइरहेकोले यस गाउँपालिकाको कार्यसञ्चालनमा बाधा विरोध पर्न गएकाले यस्ता अत्यन्तै निकृष्ट, घृणित र निन्दनीय कार्यप्रति यस गाउँपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ । यस्ता गैर जिम्मेवारीपूर्ण कपोलकल्पित, आधारहीन, मनगढन्ते झुटो आरोप र लाञ्छना लगाउने कार्यप्रति कडा आपत्ति जनाउँदै यस वराहपोखरी गाउँपालिका घोर भर्त्सना र निन्दा गर्दछ । साथै आगामी दिनमा यस्ता अत्यन्तै निकृष्ट, घृणित र निन्दनीय कार्य नगर्न नगराउन हुन यो प्रेस विज्ञप्ति जारी गर्दै उजुरीकर्ताहरूलाई सचेत हुन समेत आग्रह गर्दछौं ।

अध्यक्ष : श्री शालिकराम बन्जरा

उपाध्यक्ष : श्री गोमा मगर

१. १ नं. वडाध्यक्ष : श्री टङ्क कुमार मगर
२. २ नं. वडाध्यक्ष : श्री अम्बर बहादुर आलेमगर
३. ३ नं. वडाध्यक्ष : श्री शम्भु निरौला
४. ४ नं. वडाध्यक्ष : श्री भुवलराज राई
५. ५ नं. वडाध्यक्ष : श्री फौदराज राई
६. ६ नं. वडाध्यक्ष : श्री दुर्गा बहादुर राई
७. का पा सदस्य : श्री गणेश बहादुर परियार
८. का पा सदस्य : श्री भुवन सिंह परियार
९. का पा सदस्य : श्री मिना वि क
१०. का पा सदस्य : श्री संगिता तामाङ
११. का पा सदस्य : श्री जानुका वि क
१२. का पा सदस्य : श्री मेनिसा राई